# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः८) पञ्चकन्या, कार्त्तिक महिना ३० गते, २०८१ साल (संख्याः ५**


**भाग–२**

## विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् सिकाइ उपलब्धि अभिवृद्धिको लागि प्रोत्साहन पुरस्कार प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०८१

गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा विद्यार्थी, शिक्षक र विद्यालयहरुबिच सकरात्मक र सौहार्दपूर्ण प्रतिष्पर्धाको माध्यमबाट विद्यालयहरुको शैक्षिक गुणस्तर सुदृढिकरण एवम् सिकाइ उपलब्धि अभिवृद्धिको लागि प्रोत्साहन गर्ने उद्देश्यको लागि यो मापदण्ड बनाइएको छ।

**विद्यार्थी प्रोत्साहन पुरस्कारः** बिभिन्न परीक्षाहरुमा गाउँपालिकाभित्रका विद्यालयहरुबाट समावेश भइ उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीको लागि देहायबमोजिमको प्रोत्साहन सहयोग/ पुरस्कार गरिनेछ।

| **परीक्षाको प्रकार** | **रकम रु** | |
|---|---|---|
| **गाउँपालिकास्तरीय कक्षा ५ को बार्षिक परीक्षा** | १०००० | |
| **आधारभुत तह (कक्षा ८) उतिर्ण परीक्षा** | १०००० | |
| **SEE परीक्षा (कक्षा १०)** | १०००० | |
| **SLCE परीक्षा (कक्षा १२)** | १०००० | |

सार्वजनिक समारोहमा वितरण गरिने

विद्यालय, शिक्षक र विद्यार्थीको लागि प्रोत्साहन सहयोग उपलब्ध गराउँदा सार्वजनिक समारोहको आयोजना गरि गर्ने।

शिक्षकको विवरण उपलब्ध गराउनुपर्ने

सम्बन्धित विषयको औसत जि.पी ए र विषयगत शिक्षकको नाम विद्यालयले तयार गरि छिटो माध्यमबाट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने।

**विद्यालयले ग्रेडलेजर उपलब्ध गराउनुपर्ने**

कक्षा १० को SEE परीक्षा एवम् कक्षा १२ को SLCE परीक्षाको ग्रेडलेजर विद्यालयमा प्राप्त भएपश्चात छिटो माध्यमबाट गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने

**शिक्षक सम्मान**

पालिकास्तरमा विषयगत रुपमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयका शिक्षकलाई गाउँपालिकाले उचित सम्मान र उत्प्रेरणा दिने।सो प्रयोजनको लागि परीक्षामा सहभागी विद्यार्थीको विषयगत उतीर्ण संख्या र औसत GPA लाई आधार मानिनेछ।

**नियमित तर्फको परीक्षालाई आधार मानिने**

उत्कृष्ट विद्यार्थी र सो सँग सम्बन्धित विषय शिक्षक छनौट गर्दा बोर्डस्तरीय नियमित परीक्षालाई आधार मानिनेछ। विशेष अवस्थामा मात्र ग्रेडवृद्धि वा पुरक परीक्षालाई गाउँपालिकाको निर्णयअनुसार आधार मान्न सकिनेछ।

**बिगत वर्षहरुको लागि समेत दिइनेः**

बिगत शै. स. मा उत्कष्ट नतिजा प्राप्त गर्न सफल भई गाउँपालिकाबाट प्रोत्साहन सहयोग उपलब्ध गराउन छुट भएका विद्यार्थीलाई समेत प्रोत्साहन सहयोग उपलब्ध गराउने।

**आज्ञाले**

**कृष्णहरि पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**